# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल ।

## नदीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धी ७ ( सात) दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०।११।११

यस गाउँपालिकाको वडा न. ५ को विभिन्न क्षेत्र (रामनगर, सकरदिनही, रतनगंज चोक, रतनगंज देखि सुर्यपुरा बाँधको उत्तर) मा अवैधरुपमा संकलन गरी बेवारिसे अवस्थामा रहेको नदीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्ने गाउँकार्यपालिकाको मिति २०८०।११।०६ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | क्षेत्र | विवरण | | न्युनतम अंक ( मु.अ.कर बाहेक) रु | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | विवरण र परिमाण(घन मिटर) | कुल परिमाण ( घन फिट) | | |
| आय-११/०८०।०८१ | सुस्ता गा.पा. वडा न. ५ क्षेत्रमा रहेको (रामनगर, सकरदिनही, रतनगंज चोक, रतनगंज देखि सुर्यपुरा बाँधको उत्तर) | ढुङ्गा : १२७५<br>वालुवा : ६३०<br>गिट्टी : ३२०<br>भस्कट : ९ | नदीजन्य पदार्थ : ७८५७५<br>भस्कट : ३१७ | ६२९८६८।०० | कबोल अंकको ५ प्रतिशतका दरले |

### शर्तहरु

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फाराम यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन (मिति २०८०।११।१७) सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, मुल्यअभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.ब.०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निवेदन दिनु पर्ने छ ।

२) न्युनतम अंक माथी उल्लेख गरिए बमोजिम हुने छ । उक्त अंकमा अग्रिम आयकर र मुल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको एन.एम.वि.बैंक , कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी पेश गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८०।११।१८) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको १२.३० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन।

८) लिलाम ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नु पर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षीय सम्झौता बमोजिम हुनेछ।

९) लिलाम ठेक्का सकार गरे पछी नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक जनशक्ति, सवारी साधन, उपकरण लगायतको प्रबन्ध ठेकेदार स्वयमले गर्नु पर्ने छ।

१०) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

११) लिलाम गर्ने नदीजन्य पदार्थ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्ने हुनाले लिलाम बढाबढमा सहभागी हुनेले सिलबन्दी दरभाउपत्र पेश गर्नु अघि आफुले सिलबन्दी दरभाउपत्र पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ। पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको बादविबाद गर्न वा मिनाहा छुट को दावी गर्न पाईने छैन।

१२) लिलाम ठेक्का कबोल गरेको रकम, सोको अग्रिम आयकर र मुल्य अभिबृद्धि कर बापतको रकम एकमुष्ट रुपमा बुझाउनु पर्ने छ। अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ।

१३) अन्य जानकारीको लागि गाउँकार्यपालिकाको कार्यालय सम्पर्क गर्नु होला।

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner